लुम्बिनी प्रदेश सरकार
वन, वातावरण तथा पर्यटन मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय दाङ (देउखुरी)

लमही, दाङ

☎ कार्यालय प्रमुख :९८५७८४१५१४
☎ सुचना अधिकारीः ९८५७८६०५१४
ईमेल ठेगानाः dfodeukhuri@gmail.com

प.सं. २०८३।०८४ (योजना शाखा)
च.नं. २०६

मितिः २०८३।०५।१६
नेपाल संवतः ११४६

विषयः वेबसाईटमा सूचना प्रकाशन गरिदिनुहुन ।

श्री वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका, देउखुरी, दाङ ।
श्री वन निर्देशनालय
बुटवल, रुपन्देही ।

प्रस्तुत विषयमा **चप्परखोला** सामुदायिक वन उपभोक्ता समूह, लमही नगरपालिका वडा नं.४, दाङ बाट उत्पादित गोलिया काठ दाउरा लिलाम बिक्रीका लागि मिति २०८३।०५।१५ गते प्रकाशित गरिएको काठ÷दाउरा बोलपत्र द्धारा लिलाम लिलाम बिक्री सम्बन्धी सूचना वन नियमावली (दोश्रो) संशोधन, २०७९ को नियम २५(१)(१क) बमोजिम तँहा कार्यालयको वेबसाईटमा प्रकाशन गरिदिनुहुन अनुरोध छ ।

८३।५।१६

दीपक थारू दहित
वन अधिकृत
वन अधिकृत

अनुसूचि-१६
(दफा ३३ को उप दफा (२) संग सम्वन्धित )
श्री चप्परखोला प्रगतिशील सामुदायिक वन उपभोक्ता समूह, लमही न.पा.-४, अर्नवा, दाङ
काठ/दाउरा वोलपत्रद्वारा लिलाम विक्रीको सूचना
(प्रथम पटक सूचना प्रकाशन मिति: २०८३/५/१५ गते )

श्री चप्परखोला प्रगतिशील सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादित यस समुहको घाटगद्धीमा विभिन्न लटमा विभाजित निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले गणतन्त्र राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र खरिद गरी २२ औं दिनमा प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

तपसिल:

१. वन पैदावारको विवरण:

| लट नं. | वनपैदावरको जात | ग्रेड | गोलिया थान | परिमाण | मूल्यांकन | |
|---|---|---|---|---|---|---|
| | | | | क्यू.फीट/चट्टा | न्यूनतम मुल्य रु | संकलन खर्च रु. |
| १ | खयर | - | २८०३ | १८०३.५६ | १८०३५६० | ४१४८१९ |
| | | जम्मा | २८०३ | १८०३.५६ | १८०३५६० | ४१४८१९ |

२. वोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय:

क) वोलपत्र खरिद गर्ने अन्तिम मिति: २०८३/६/४ गते समय दिनको ५.०० वजे सम्म ।

ख) वोलपत्र दाखिला गर्ने अन्तिम मिति: २०८३/६/५ गते समय दिनको १२.०० वजे सम्म ।

ग) वोलपत्र खरिद तथा दाखिला गर्ने दिन सार्वजनिक विदा परे सो को भोलि पल्ट खरिद तथा दाखिला र समयावधी पुगेको अवस्थामा वोलपत्र दाखिला गरिएको दिन खोल्न सकिने छ।

३. वोलपत्र साथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम वोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समूहको रा.वा. वैंक लिमिटेड लमही शाखामा रहेको ४२९०१००००१९५६००१ खातामा नगद जम्मा भौचर वा वैंक ग्यारेन्टी गरेको कागजात, भौचर समावेश हुनु पर्नेछ ।

४. वोलपत्र फारमको प्रति लटको रु. ३,०००/- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह वा सम्वन्धित डिभिजन वन कार्यालयबाट खरिद गरि तोकिएको समयमा सामुदायिक वनको कार्यालयमा दाखिला/दर्ता गर्नु पर्ने छ ।

५. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको लमही-४, अर्नवा घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी, वन कार्यालयमा सुचीकृत भएको प्रमाणपत्र वोलपत्र साथ पेश गर्नुपर्ने छ ।

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका वोलपत्रहरु मिति २०८३/६/५ मा दिनको २.०० वजे साक्षीहरुको रोहवरमा खोलिने छ। सो दिन विदा पर्न गएमा भोली पल्ट खोलिने छ ।

८. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाइएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९.वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षरमा दुवैमा लेखु पर्नेछ। अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. वोलपत्र सदर वा वदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

वम वहादुर विश्वकर्मा
अध्यक्ष
चप्परखोला प्रगतिशील सामुदायिक वन उपभोक्ता समूह

बम बहादुर विश्वकर्मा
अध्यक्ष




अफ लमही [illegible] आयोजनामा क्लबका [illegible] उपाध्यक्ष रेश्मा थापाको [illegible] अवसर पारेर आश्रममा रहेका सडक मानव आश्रितहरूलाई दर खुवाउनुका साथै कपडा वितरण गरिएको हो ।

जन्मदिन मनाउँदा हुने फजुल खर्चलाई कटौती गर्दै मानवसेवासँग जोड्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएका लायन्स क्लब अफ लमही जागरणका अध्यक्ष गायत्री थापाले बताउनुभयो । क्लबका सदस्यहरू आफैं आश्रममा पुगेर दर पकाउनुका साथै आश्रममा रहेका आश्रितहरूलाई खाना खुवाएका थिए । अध्यक्ष थापाका अनुसार जन्मदिन व्यक्तिगत खुसी मनाउने अवसर मात्र नभई समाजमा रहेका विपन्न, असहाय तथा सहाराविहीन व्यक्तिहरूको जीवनमा पनि खुसी बाँड्ने अवसर बन्न सक्ने भएकाले यस प्रकारको कार्यक्रम गरिएको हो ।

जन्मदिनमा गरिने अनावश्यक खर्चलाई केही मात्रामा भए पनि सामाजिक सेवामा लगाउन सकियो भने त्यसले कसैको अनुहारमा खुसी ल्याउन सक्छ, उहाँले भन्नुभयो, 'हामीले रेश्मा थापाको जन्मदिनलाई पनि त्यही भावनासँग जोडेर आश्रममा आएर सेवा गर्ने निर्णय गरेका हौं ।' 'आश्रममा रहेका आमाबुबा तथा दाजुभाइ दिदीबहिनीलाई आफ्नै परिवारका सदस्यजस्तै सम्झेर खाना खुवाउन र आवश्यक कपडा उपलब्ध गराउन पाउँदा हामीलाई पनि आत्मसन्तुष्टि मिलेको छ ।

जन्मदिनमा पार्टी तथा मनोरञ्जनमा मात्रै खर्च गर्नुभन्दा सामाजिक सेवामा जोडिनुपर्छ भन्ने सकारात्मक सन्देश दिनु हाम्रो उद्देश्य हो ।' उहाँले लायन्स क्लबले सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न क्षेत्रमा गर्दै आएको सेवामूलक अभियानलाई आगामी दिनमा पनि निरन्तरता दिने बताउनुभयो । विशेषगरी असहाय, विपन्न तथा संरक्षणको आवश्यकता भएका व्यक्तिहरूलाई सहयोग गर्नु समाजका सबै नागरिकको साझा दायित्व भएको उहाँको भनाइ थियो । सेवा गर्न ठूलो रकम वा ठूलो अवसर नै चाहिन्छ भन्ने छैन । आफ्नो क्षमता र इच्छाअनुसार सानो सहयोग गर्न सके पनि त्यसको प्रभाव ठूलो हुन सक्छ । आज हामीले आश्रममा आएर खाना खुवाएका छौं, कपडा दिएका छौं । यो सहयोगभन्दा पनि आश्रितहरूसँग केही समय बिताएर उनीहरूलाई अपनत्वको अनुभूति गराउनु महत्वपूर्ण कुरा हो, अध्यक्ष थापाले भन्नुभयो ।

कार्यक्रममा लायन्स क्लबका जिल्ला कार्यकारी सह प्रमुख झबेन्द्र शर्मा, सह उपप्रमुख रविन्द्र जिसीसहित देउखुरी क्षेत्रका विभिन्न लायन्स क्लबका अध्यक्ष तथा सदस्यहरूको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागी लायन्सकर्मीहरूले जन्मदिन तथा अन्य व्यक्तिगत अवसरलाई सामाजिक सेवासँग जोड्ने संस्कारको विकास गर्न सके समाजमा सकारात्मक परिवर्तन ल्याउन सकिने बताएका थिए ।

# काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना !

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८३/०५/१५ गते**

यस श्री चप्परखोला प्रगतिशील सामुदायिक वन उपभोक्ता समूह, लमही न.पा.-४, अर्नवा, दाङको वनमा पुनरोत्पादन कटान र झाडी सफाईवाट संकलन भै उत्पादन भएको लमही न.पा.-४, अर्नवा, दाङको घाटगद्दीमा लट बनाई राखिएको खयर जातका गोलिया थान-२८०३ को १८०३.५६ क्यू.फीट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ। काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २२ औं दिन मिति २०८३/०६/५ गते भित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यो सुचनासँग सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

बम बहादुर विश्वकर्मा (अध्यक्ष)

**श्री चप्परखोला प्रगतिशील सामुदायिक वन उपभोक्ता समूह**

लमही न.पा.-४, अर्नवा, दाङ

कुल पठाऔं सरासरी
अभियान